**The Journal of Deukhuri Multiple Campus**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# कृति विश्लेषणको सन्दर्भपरक आधार

**डा. केशव भुसाल**
नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रि. वि. कीर्तिपुर

**Corresponding Author:** *Keshab Bhusal, Ph.D.*; email: keshabbhusal.tu@gmail.com

**शोधसार**
*प्रस्तुत लेख कृति विश्लेषणको आधारमा केन्द्रित रहेको छ । यस लेखको प्रमुख उद्देश्य कृति विश्लेषणको सन्दर्भपरक आधार प्रस्तुत गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यका रूपमा कृति विश्लेषणको उद्भावनात्मक, अन्तर्वैयक्तिक र भाषिक सन्दर्भगत आधार प्रस्तुत गर्नु रहेका छन् । यस अध्ययनमा गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । यस क्रममा मूलतः द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट नेपाली तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको सङ्कलन र अध्ययन गरिएको छ । कृति विश्लेषणका अन्य आधारहरूको चर्चा, परिचर्चा भइरहेको परिवेशमा कृति विश्लेषणको सैद्धान्तिक आधार अध्ययनबाट नवीन तथ्य प्रस्तुत गरिएको छ । यस अध्ययनबाट कृति विश्लेषणका लागि सन्दर्भपरक आधारलाई उपयोग गर्न सकिने, सन्दर्भपरक आधारअन्तर्गत उद्भावनात्मक सन्दर्भ, अन्तर्वैयक्तिक सन्दर्भ र भाषिक सन्दर्भ गरी मूलतः तीन ओटा सन्दर्भ पर्ने, यी सन्दर्भमध्ये उद्भावनात्मक सन्दर्भअन्तर्गत कृति वा रचनाको विषय क्षेत्र, अन्तर्वैयक्तिक सन्दर्भअन्तर्गत कृतिमा प्रयोग गरिने सहभागी र तिनको भूमिका पर्ने तथा भाषिक सन्दर्भअन्तर्गत कृतिमा प्रयुक्त भाषाशैली र त्यसको भूमिका पर्ने लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययन साहित्यिक कृति वा रचनालाई सन्दर्भपरक दृष्टिले अध्ययन गर्न चाहने जोकोहीका लागि पनि उपयोगी हुने ठानिएको छ ।*
***मुख्य शब्दावली*** : सन्दर्भता, उद्भावनात्मक सन्दर्भ, अन्तर्वैयक्तिक सन्दर्भ, भाषिक सन्दर्भ ।

## अध्ययनको पृष्ठभूमि

साहित्यिक कृति वा रचना विश्लेषणका सन्दर्भमा विकसित विभिन्न सिद्धान्तमध्येको एउटा सिद्धान्त सन्दर्भता हो । सामान्य अर्थमा सन्दर्भताले सन्दर्भमा आधारित विषय प्रसङ्गलाई जनाए पनि विशिष्ट अर्थमा यसले पाठगत सन्दर्भलाई दर्साउँदछ । वस्तुतः यो पाठको सन्दर्भ र त्यससँग सम्बन्धित बुहविध पक्षमा आधारित रहेको छ । वस्तुतः पाठ सिद्धान्तको विकास हुनुपूर्व सन्दर्भ सिद्धान्त (परिस्थितिगत सन्दर्भ सिद्धान्त) को विकास भएको पाइन्छ । हालिडे र हसन (सन् १९९१) का अनुसार “परिस्थितिगत सन्दर्भ सिद्धान्तका व्याख्याता मानवशास्त्री ब्रोनिस्ल मेलिनोस्की (सन् १९२३, १९३५) हुन् । जसले आइल्यान्डका मानिसहरूको भाषिक अध्ययन गरेका थिए” (पृ. ०५) । उनीहरूका अनुसार पछि फर्थले मेलिनोस्कीको पारिस्थितिगत सन्दर्भको धारणा ग्रहण गरी भाषिक सिद्धान्त निर्माण गरेको र सबै भाषिक अध्ययनलाई अर्थको अध्ययनका रूपमा र अर्थलाई सामाजिक सन्दर्भबाट निर्धारित हुने रूपमा व्याख्या गरेको देखिन्छ । फर्थले परिस्थितिगत सन्दर्भअन्तर्गत परिवेशका सहभागी, सहभागीको कार्य, परिवेशका अन्य सम्बन्धित विशेषता र शाब्दिक क्रियाको प्रभाव उल्लेख गरेको पाइन्छ । यस आधारमा उनका शिष्य हालिडेले परिस्थितिगत सन्दर्भ र सांस्कृतिक सन्दर्भको व्याख्या गर्दै परिस्थितिगत सन्दर्भलाई पाठको पारिस्थितिक परिवेशका रूपमा र सांस्कृतिक सन्दर्भलाई व्यापक रूपमा (यसअन्तर्गत परिस्थितिगत सन्दर्भ पनि

अन्तर्भूत हुन सक्ने) परिभाषित गरेका छन् । उनले परिस्थितिगत सन्दर्भको चर्चाका क्रममा यसका तीन विशेषता : क्षेत्र, सहभागी र माध्यम उल्लेख गरेका छन् । उनका अनुसार परिस्थितिगत सन्दर्भको व्याख्या यिनै तीन शीर्षकीय धारणात्मक रूपरेखामा गर्न सकिन्छ । जसले पाठको सामाजिक सन्दर्भ व्याख्यामा सहयोग गर्दछ । साथै पाठको वास्तविक विशेषता अध्ययनमा पनि सघाउ पुर्‍याउँदछ । यसबाट सामाजिक, सांस्कृतिक वा पारिस्थितिक सन्दर्भमार्फत वक्ता-श्रोता वा लेखक-पाठकका बिच साझा ज्ञान वा धारणाको विकास भई व्यक्त आशयको बोध हुने बुझिन्छ । हालिडे र हसन (पूर्ववत्) का अनुसार प्राचीन समयमा पाठ संरचनाको व्याख्यार्थ व्यापक रूपमा प्रचलित नमुनाका रूपमा ग्रिसेली वियोगान्त साहित्यको एरिस्टोटलियन परिभाषामा उल्लिखित आरम्भ (द बिगिनिङ), मध्य (द मिडिल) र अन्त्य (द इन्ड) को उपयोग गरिएको पाइन्छ । यद्यपि यसका लागि (पाठ संरचना व्याख्याका लागि) क्षेत्र, सहभागी र माध्यमको आवश्यकता पर्दछ । सन्दर्भगत स्वरूपको यो दृष्टिकोण पाठको समग्र व्याख्याका लागि उपयुक्त हुने मानिन्छ ।

सन्दर्भपरकता पाठ वा रचनामा प्रस्तुत विषय सन्दर्भले प्रसङ्गअनुसार व्यक्त गर्ने अर्थमा आधारित रहेको छ । कटिङ (सन् २००८) का अनुसार सन्दर्भलाई परिस्थितिगत सन्दर्भ, पूर्वज्ञानात्मक सन्दर्भ र सहपाठात्मक सन्दर्भ गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । जसमध्ये परिस्थितिगत सन्दर्भले पाठगत परिस्थितिलाई, पूर्वज्ञानात्मक सन्दर्भले पाठेतर सांस्कृतिक-अन्तर्वैयक्तिक सन्दर्भलाई र सहपाठात्मक सन्दर्भले सन्दर्भकद्वारा निर्दिष्ट पाठान्तरिक सन्दर्भलाई जनाउँदछ । नेपाली भाषा साहित्यको क्षेत्रमा यस किसिमको सन्दर्भतासम्बद्ध अवधारणामा आधारित भई चर्चा, परिचर्चा तथा अध्ययन, अनुसन्धान उल्लेख्य मात्रामा नभइरहेको वर्तमान स्थितिमा प्रस्तुत अध्ययन गरिएको छ । यसबाट अपेक्षाकृत रूपमा सन्दर्भतासम्बद्ध सैद्धान्तिक अवधारणा प्रवाह भई यससम्बद्ध अध्ययन, अनुसन्धानमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य कृति विश्लेषणको सन्दर्भपरक आधार प्रस्तुत गर्नु रहेको छ । यस अध्ययनका अन्य उद्देश्यहरूमा उद्भावनात्मक सन्दर्भ, अन्तर्वैयक्तिक सन्दर्भ र भाषिक सन्दर्भ प्रस्तुत गर्नु रहेका छन् ।

## पूर्वकार्यको पुनरावलोकन

साहित्यिक कृति वा वा पाठको सन्दर्भपरक अध्ययनका सन्दर्भमा पूर्वीय तथा पाश्चात्य जगत्का विद्वान्हरूले आआफ्ना सैद्धान्तिक पुस्तक तथा लेखरचनाहरूमा चर्चा गरेको पाइन्छ । साथै यस सम्बन्धमा केही अध्ययन, अनुसन्धानहरूसमेत भएको देखिन्छ । जसलाई पूर्वकार्यको पुनरावलोकनका रूपमा निम्नानुसार चर्चा गरिएको छ :

ब्युग्रान्डी एन्ड ड्रेसलर (सन् १९८१) ले प्राकृतिक पाठमा सात ओटा विशेषता : आभिप्रायिकता, स्वीकारणीयता, सूचनात्मकता, परिस्थितिपरकता, अन्तर्पाठात्मकता, संसक्ति र संयुक्ति रहने धारणा प्रस्तुत गरेका छन् । पाठ निर्माणका लागि आवश्यक यी गुणमध्ये आभिप्रायिकताले लेखकीय अभिप्रायको पूर्णतालाई, स्वीकारणीयताले पाठ ग्रहणकर्ताका लागि सान्दर्भिक हुनुपर्ने विशेषतालाई, सूचनात्मकताले पाठकलाई सूचनाको उपयुक्त मात्रा उपलब्ध गराउनुपर्ने गुणलाई, परिस्थितिपरकताले खास समय र स्थानगत सामाजिक-सांस्कृतिक सम्बन्धलाई र अन्तर्पाठात्मकताले अन्य पाठसँगको सम्बन्धलाई जनाउँछन् । उनीहरूले यी विशेषतालाई पाठात्मकताका सात मापदण्डका रूपमा उल्लेख गरेका छन् । स्टब्ज (सन् १९८३) ले ल्याबोभ (१९७२) लाई उद्घृत गर्दै आख्यान विश्लेषणका संरचनात्मक तत्वका रूपमा वस्तुसार, अभिमुखीकरण, मूल्याङ्कन, आख्यान उपवाक्य, परिणााम र कथान्तकलाई प्रस्तुत गरेका छन् । जसबाट कृति विश्लेषणको आधार ग्रहण गर्न सकिन्छ । हालिडे र हसन (सन् १९९१) ले भाषा, सन्दर्भ, पाठ र यीसम्बद्ध विभिन्न पक्षको चर्चा गरेका छन् । उनले पाठ सिद्धान्तपूर्व सन्दर्भ सिद्धान्तको अवधारणा आएको उल्लेख गरेका छन् । उनीहरूले सबै भाषालाई तिनको परिस्थितिगत सन्दर्भबाट बुझ्नुपर्ने धारणा प्रकट गरेका छन् । साथै परिवेशगत सन्दर्भका तीन विशेषता : क्षेत्र ( फिल्ड), सहभागी (टेनर) र माध्यम/पद्धति (मोड) प्रस्तुत गरेका छन् । शर्मा (२०६३) ले सन्दर्भार्थलाई प्रतिफलनात्मक अर्थ र पृष्ठभूमिगत अर्थ गरी दुई प्रकारमा वर्गीकरण गरेका छन् । जसमध्ये प्रतिफलनात्मक अर्थलाई आधारभूत र पाठात्मक अर्थमा, आधारभूत अर्थलाई उद्भावनात्मक अर्थ र अन्तर्वैयक्तिक अर्थमा, र

उद्‌भावनात्मक अर्थलाई आनुभविक अर्थ र तार्किक अर्थमा वर्गीकरण गरेका छन् । उनले प्रतिफलनात्मक अर्थका उद्‌भावनात्मक, अन्तर्वैयक्तिक र पाठात्मक अर्थमध्ये उद्‌भावनात्मक अर्थलाई कृतिको क्षेत्रसम्बद्ध अर्थका रूपमा, अन्तर्वैयक्तिक अर्थलाई कृतिका सहभागी, तिनको भूमिका र तिनीहरूका बिचको सम्बन्धका रूपमा र पाठात्मक अर्थलाई कृतिमा भाषाले खेलेको भूमिकाका रूपमा व्याख्या गरेका छन् ।

गौतम (२०६९) ले भाषाका अधिप्रकार्यका रूपमा बीचारात्मक अधिप्रकार्य, अन्तर्वैयक्तिक, पाठात्मक र तार्किक अधिप्रकार्यबारे चर्चा गरेका छन् । न्यौपाने (२०८१) ले ब्राउन एन्ड युल (सन् १९८३) लाई उद्‌घृत गर्दै हाइम्सले अभिव्यक्ति वा सञ्चार विश्लेषणको नमुनाका रूपमा SPEAKING Model को चर्चा गरेको जनाएका छन् । यसअनुसार S ले पृष्ठभूमि (Setting), P ले सहभागी (Participants), E ले उद्देश्य (Ends), A ले कार्यानुक्रम (Acts Sequence), K ले शैली (Key), I ले माध्यम (Instrumentalities), N ले मानक (Norms), G ले विधा (Genre) लाई जनाउँछन् । न्यौपानेले सन्दर्भताकै आधारमा पाठको अर्थ निर्धारण हुने भएकाले सन्दर्भतालाई भाषिक प्रकार्य निर्धारणको आधारका रूपमा उल्लेख गरेका छन् । कृति वा रचनाको अध्ययन, विश्लेषणका सन्दर्भमा थापा (२०५६) ले कथानक, पात्र, चरित्र, चयन, बिचलन र समानान्तरताका आधारमा 'तीनघुम्ती' उपन्यासको विश्लेषण गरेका छन् भने जोशी (२०६८) ले श्वेत भैरवी कथालाई कथानक, चरित्र, भाषिक चयन, बिचलन र समानान्तरताका आधारमा अध्ययन गरेका छन् । त्यस्तै अधिकारी (वि. सं. २०६९) ले सहिदको सालिक कथा सङ्ग्रहका कथामा अन्तर्भूत समाख्याता, सन्दर्भता, संयुक्ति व्यवस्था र संसक्ति व्यवस्थाको अध्ययन गरेका छन् भने ज्ञवाली (वि.सं. २०६९) ले रक्तिमका गीत गीत सङ्ग्रहमा सङ्गृहीत १६ वटा गीतहरूको स्वरूप, संसक्ति, संयुक्ति र सन्दर्भताको विश्लेषण गरेका छन् । त्यसैगरी भण्डारी (वि. सं. २०७१) ले कुञ्जिनी खण्डकाव्यमा निहित संसक्ति व्यवस्था, समानान्तरता, संयुक्ति व्यवस्था र आख्यान संरचनाको समीक्षण गरेका छन् । साहित्यिक कृति वा पाठका विशेषता तथा तिनको वस्तुतामा आधारित भई गरिएका उपर्युक्त कार्यहरूलाई दृष्टिगत गर्दा कृति विश्लेषणको सन्दर्भपरक आधारबारे केही मात्रामा चर्चा गरिएको पाउन सकिन्छ । जसलाई प्रस्तुत अध्ययनका आधारमा थप विस्तीर्ण तुल्याउने कोसिस गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन ज्ञानमीमांशामा आधारित रहेको छ । यसमा वास्तविकता ज्ञाताको निर्मितिमा आधारित हुन्छ भन्ने मान्यतलाई अङ्गीकार गरिएको छ । यस अध्ययनमा अनुसन्धानका तीन मुख्य ढाँचा : परिमाणात्मक, गुणात्मक र मिश्रितमध्ये गुणात्मक ढाँचाको अवलम्बन गरिएको छ । गुणात्मक ढाँचा प्राकृतिक रूपमा देखिने वा स्वभावैले देखा पर्ने सामाजिक परिघटनाहरूसँग सम्बन्धित रहेको हुन्छ । जसलाई अनुसन्धाताले आफ्नो गहन अध्ययनमार्फत सिद्ध गर्ने गर्दछन् । प्रस्तुत अनुसन्धानमा गुणात्मक ढाँचाको यस वस्तुतालाई अपनाइएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट सोद्देश्यमूलक तरिकाले आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । यस क्रममा मूलतः अङ्ग्रेजी सैद्धान्तिक सामग्रीको अध्ययन गरिएको छ भने अंशतः नेपाली सैद्धान्तिक सामग्रीहरूको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यलाई विभिन्न उपशीर्षकहरूमा विभक्त गरी व्याख्या विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

कृति विश्लेषणको सन्दर्भपरक आधारमा आधारित प्रस्तुत अध्ययनमा प्राप्त तथ्यलाई निम्नानुसारका उपशीर्षकहरूमा प्रस्तुत गरी व्याख्या, विश्लेषण गरिएको छः

### सन्दर्भताको परिचय

पाठ वा रचनाको सन्दर्भमा आधारित स्थितिलाई सन्दर्भता भनिन्छ । सन्दर्भता पाठको विषय सन्दर्भ र तत्‌निबद्ध विविध पक्षका आधारमा व्यक्त आशय, त्यसको ग्रहण एवम् बोध प्रक्रियासँग सम्बन्धित रहेको छ । यसले कथ्य वा लेख्य पाठ सन्दर्भपरक हुने र त्यसलाई पाठात्मक विशेषता वा गुणले मात्र सुसङ्गत तुल्याउन नसक्ने दृष्टिकोणसहित परिवेशगत सन्दर्भको आवश्यकतालाई दर्साउँदछ । सन्दर्भता भाषा प्रयोगको खास सन्दर्भ हुन्छ, कुनै पनि पाठ आफैमा सन्दर्भ हो, परिस्थितिगत सन्दर्भबाट उपयुक्त अनुमानको सिर्जना हुन्छ र त्यसमार्फत अभिव्यक्त बीचारको ग्रहण गर्न सकिन्छ भन्ने मान्यतासम्बद्ध देखा पर्छ । यसले सन्दर्भेतर रूपमा पाठ वा रचनाको

समग्र अर्थ प्राप्त गर्न नसकिने र यसको अभावमा प्रस्तुत विषयको समग्रतासमेत प्राप्त नहुने अभिप्राय व्यक्त गर्दछ ।

कृति विश्लेषणको सन्दर्भपरक आधारका बारेमा विभिन्न विद्वान्हरूका विविध धारणा रहेका भए पनि भाषावैज्ञानिक द्वय हालिडे र हसन (सन् १९९१) द्वारा प्रस्तुत गरिएको धारणाले यसको मूलभूत पक्षलाई समेट्न सक्ने देखिन्छ । अर्को शब्दमा हालिडे र हसनद्वारा चर्चा गरिएको परिस्थितिगत सन्दर्भका तीन पक्ष क्षेत्र (फिल्ड), सहभागी (टेनर) र माध्यम (मोड) ले कृति विश्लेषणको सन्दर्भगत आधारलाई दर्साउँछन् । हालिडे र हसन (सन् १९९१) का अनुसार "परिस्थितिगत सन्दर्भका तीन स्वरूपमध्ये पाठ वा रचनाको क्षेत्रलाई उद्भावनात्मक कार्य वा अर्थका आधारमा पाठ वा रचनाका सहभागीलाई अन्तर्वैयक्तिक कार्य वा अर्थका आधारमा र पाठ वा रचना प्रस्तुतिको माध्यम वा पद्धतिलाई पाठात्मक कार्य वा अर्थका आधारमा व्यक्त गरिन्छ" (पृ. २५) । यस दृष्टिले उद्भावनात्मक, अन्तैवयक्तिक र पाठात्मक अर्थ पाठ वा रचनाको क्षेत्र, सहभागी र पद्धतिसँग सम्बन्धित देखा पर्छन् । यिनै प्ररूपको समग्रतामा पाठ वा रचनाको अर्थ प्रवाह र बोध सम्भव हुने ठानिन्छ । अतएव सन्दर्भताअन्तर्गत उद्भावनात्मक सन्दर्भ (क्षेत्र), अन्तर्वैयक्तिक सन्दर्भ (सहभागी) र भाषिक सन्दर्भ (माध्यम वा पद्धति) को चर्चा गर्नु समीचीन हुन्छ ।

**उद्भावनात्मक सन्दर्भ (क्षेत्र)**

पाठ वा रचनामा वक्ता वा लेखकद्वारा प्रस्तुत सांसारिक जगत्सम्बद्ध विषयलाई उद्भावनात्मक सन्दर्भका रूपमा लिइन्छ । यसले भाषाद्वारा वर्णित सांसारिक परिस्थितिलाई जनाउँदछ । अर्थात् भाषाका माध्यमबाट व्यक्त स्थितिको सूचनालाई दर्साउँदछ । हालिडे (सन् १९८६) का अनुसार "क्षेत्र पाठ वा रचनामा प्रस्तुत विषयको अर्थका रूपमा देखा पर्छ । यसलाई कथ्य वा लेख्य अभिव्यक्ति वा पाठको अवधारणात्मक स्थितिका रूपमा पनि लिइन्छ । यसले प्राकृतिक संसार र हाम्रो मस्तिष्कअन्तर्गतको आनुभविक ढाँचा र तर्कको व्याख्या गर्दछ" (पृ. ५३) । पाठ वा रचनाको विषय वा क्षेत्र (फिल्ड) उद्भावनात्मक कार्य वा अर्थसँग सम्बन्धित हुन्छ । यसले कृतिको विषय, बीचार, वातावरण, घटना र त्यसको समयलाई जनाउँदछ । यसबाट कृतिमा प्रस्तुत कुराको जानकारी प्राप्त गर्न सकिन्छ । हालिडे र हसन (सन् १९७६/१९९२) का अनुसार पाठको क्षेत्र कृतिको विषय, कार्य, त्यसको प्रकृति, लक्ष्य, स्थान, सहभागीको संलग्नता (सहभागी केमा संलग्न छ ?) लगायतसँग सम्बन्धित हुन्छ र यो आनुभविक र तार्किक अर्थबाट व्यक्त हुन्छ । यस आधारमा क्षेत्रलाई आनुभविक र तार्किक अर्थको समुच्चयस्वरूप सृजित हुने विषय मानिन्छ ।

***आनुभविक अर्थ***

आनुभविक अर्थ वक्ता वा लेखकको वास्तविक वा काल्पनिक संसारको अनुभवसँग सम्बन्धित हुन्छ । यसले पाठ वा रचनामा प्रस्तोताद्वारा प्रस्तुत कुनै विषय, घटना, अवस्था, व्यक्ति, वस्तु वा कार्यव्यापारलाई जनाउँदछ । हालिडे र हसन (सन् १९९१) का अनुसार यसअन्तर्गत भाषाले दर्साउने प्रक्रियाहरू, सहभागीहरू र परिस्थितिहरू पर्छन् । यीमध्ये प्रक्रियाअन्तर्गत घटना, कार्यव्यापार, अवस्था र समय, सहभागीअन्तर्गत व्यक्ति, वस्तु र विषय पर्दछन् । सङ्कथनमा निहित आनुभविक अर्थ अध्ययनका क्रममा वाक्य, वाक्यमा व्यक्त विषयलाई अवधारणात्मक स्थितिका रूपमा लिई सहभागी, प्रक्रिया र परिस्थितिका आधारमा व्याख्या-विवेचन गर्न सकिन्छ । साथै कृतिगत विषय र व्यक्त बीचारलाई आधार मानेर पनि अध्ययन गर्न सकिन्छ ।

***तार्किक अर्थ***

तार्किक अर्थ पाठमा प्रस्तुत वाक्य-वाक्यका बिचको तर्कगत संयोजनसँग सम्बन्धित हुन्छ । यसले सङ्कथनमा व्यक्त अवधारणा (वाक्यीय अर्थ) का बिचको सम्बन्धलाई दर्साउँछ । हालिडे र हसन (सन् १९९१) का अनुसार यो भाषामा तार्किक तत्वबाट अर्थ व्यक्त गर्ने माध्यम हो । यसले बृहत् स्थिति (एकाधिक वाक्यमा निहित विषय) मा लघु स्थिति (कुनै एक वाक्य/वाक्यांशमा निहित) को संयोजनात्मक अवस्थाको जानकारी उपलब्ध गराउँदछ । यसमा वाक्यहरूका बिच निश्चित तर्कका आधारमा स्थापित सम्बन्धलाई नियाल्ने काम हुन्छ । तार्किक अर्थको सृजना निरपेक्ष, सापेक्ष संयोजक संयोजन र समानाधिकरण सम्बन्धका आधारमा हुन्छ । अर्थात् साङ्कथनिक अवधारणाका बिच निरपेक्ष-सापेक्ष संयोजकहरूले अन्तर्वाक्यीय तार्किक सम्बन्ध स्थापित गर्छन् । फलस्वरूप पाठ वा रचनामा तार्किक अर्थको उपस्थापन हुन्छ ।

यी दुबै आनुभविक र तार्किक अर्थका आधारमा पाठ वा रचनाको विषय वा क्षेत्रको पहिचान र अध्ययन गर्न सकिन्छ । जसअन्तर्गत कृतिमा प्रस्तुत विषय, घटना, सहभागी संलग्नता, स्थान, समय र अवधारणात्मक, तार्किक संयोजनको समीक्षण हुन्छ । आर्थी वर्गीकरणका दृष्टिले यसलाई बाह्य वा अभिधेय वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

**अन्तर्वैयक्तिक सन्दर्भ (सहभागी)**

पाठ वा रचनामा वक्ता वा लेखकद्वारा प्रस्तुत विषयअन्तर्गत संलग्न सहभागी र तिनको भूमिकालाई अन्तर्वैयक्तिक सन्दर्भ वा सहभागीका रूपमा लिइन्छ । यो पाठ वा रचनामा सहभागी वक्ता वा लेखकको उद्देश्य र श्रोता वा पाठकको प्रतिक्रियासँग सम्बन्धित हुन्छ । यसमा सहभागी-सहभागीका बिचको भाषिक व्यवहार एवम् कार्यकलापको समीक्षा गरिन्छ । पाठ वा रचनामा यो अन्तर्वैयक्तिक कार्य वा अर्थसँग सम्बन्धित हुन्छ । हालिडे ( सन् १९८६) का अनुसार "अन्तर्वेयक्तिक अर्थ वक्ता वा लेखकले श्रोता वा पाठकलाई भाषाका माध्यमबाट केही गर्नु हो" (पृ. ५३) । उनका अनुसार उपवाक्य वा वाक्यांशको अन्तर्वैयक्तिक कार्य भनाइ, प्रश्न-प्रस्ताव, प्रतिक्रियाजस्ता आलङ्कारिक अन्तर्क्रियामा भूमिकाको विनियम वा आदानप्रदान गर्नु हो । यो सहभागीहरूका बिच सम्बन्ध स्थापन (सहभागीका बिच सामाजिक सम्बन्ध निर्माण), जाहेरी र पालनासँग सम्बन्धित हुन्छ । यसअन्तर्गत पाठ वा रचनामा प्रयुक्त सहभागी वा सहभागी (टेनर), तिनको चरित्र, भूमिका, पारस्परिक सम्बन्धलगायतको अध्ययन गरिन्छ । यस क्रममा सम्बोधनका प्रकार (सामान्य, मध्यम र उच्च आदर) कथन क्रिया (अभिधार्थ, लक्ष्यार्थ) र भाव वा वृत्ति (सामान्यार्थ, विध्यर्थ, सम्भावनार्थ, सङ्केतार्थ आदि) लाई सूक्ष्म रूपमा नियालिन्छ ।

हालिडे र हसन (सन् १९९१) का अनुसार यो पाठमा संलग्न सहभागी, तिनको प्रवृत्ति, भूमिका र सम्बन्धसम्बद्ध रहेको छ । यसमा व्यापक रूपमा पुरुष र महिला सहभागी हुन्छन् । जसअन्तर्गत बच्चादेखि अभिभावकसम्म र नियोक्तादेखि नियुक्तसम्म छनोट गरिन्छ । पाठ वा रचनामा अन्तर्वैयक्तिक अर्थ सहभागी सहभागीहरूको पारस्परिक कार्यका आधारमा निर्धारित हुन्छ । सहभागीहरू विभिन्न सामाजिक पृष्ठभूमि, उमेर समूह, पेसा, योग्यता एवम् व्यक्तिगत विविधतायुक्त हुने हुँदा तिनको स्थिति वा स्तरले भाषिक सम्प्रेषणमा समेत प्रभाव पार्दछ । यसमा सहभागीहरूको स्थितिलाई लिङ्ग, कार्य, प्रवृत्ति, सक्रियता, जीवन चेतना, आसन्नता, आबद्धता आदिका आधारमा अध्ययन गर्न सकिन्छ । आख्यानात्मक विधाका सन्दर्भमा सहभागीको व्यक्तित्व, भूमिका, हेतुत्व, अवस्था, परिवेश, भाषिक क्रियालगायतका आधारमा व्यक्त अभिव्यक्तिको आशय पहिचान/बोध गर्न सकिन्छ । आर्थी वर्गीकरणका दृष्टिले यसलाई बाह्य वा अभिद्येय वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

**अन्तर्वैयक्तिक सन्दर्भ (सहभागी) को वर्गीकरण**

कृति वा रचनामा प्रयुक्त अन्तर्वैयक्तिक सन्दर्भ वा सहभागी (सहभागीहरू) लाई तिनीहरूको भूमिकाका आधारमा वर्गीकरण गर्न सकिन्छ । शर्मा (२०७९) का अनुसार कृति वा रचनामा प्रयुक्त सहभागीहरूलाई लिङ्ग कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

***लिङ्गका आधारमा अन्तर्वैयक्तिक सन्दर्भ***

कृति वा रचनामा सहभागीको शारीरिक जात छुट्याउने आधार लिङ्गको आधार हो । यस आधारमा कृति वा रचनाका सहभागीलाई पुरुष र स्त्री गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । सहभागीको बाह्य वर्णन तथा शरीर नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो कुरा छुट्याउन सकिन्छ (शर्मा, २०७९) । साहित्यिक कृति वा रचनामा पुरुष, स्त्री वा अन्य सहभागीहरूको उपस्थिति हुनु उपयुक्त हुन्छ । सङ्ख्यात्मक रूपमा कुनै कृति वा रचनामा पुरुष सहभागीको, कुनै कृति वा रचनामा स्त्री सहभागीको त कुनै कृति वा रचनामा अन्य सहभागीको बाहुल्य हुन सक्छ । जसको कार्यव्यापारले गतिशीलता पाउनुका साथै कृति वा रचनाले पूर्णता र उद्देश्य प्राप्तिमा सफलता पाप्त गर्दछ ।

***कार्यका आधारमा अन्तर्वैयक्तिक सन्दर्भ***

कार्यका आधारमा कृति वा रचनाका सहभागीको वर्गीकरण गर्न सकिन्छ । कृति वा रचनामा उपस्थित सबै सहभागीको भूमिका समान किसिमको हुँदैन । कृतिमा प्रस्तुत विषयवस्तुले विभिन्न अवस्था पार गर्दै जाँदा विभिन्न सहभागी हराउने र देखिने हुन्छन् । कृतिमा उपस्थिति भिन्न भिन्न सहभागीका भिन्न भिन्न भूमिका हुन्छन्

। यस आधारमा कृति वा रचनाका सहभागीहरूलाई प्रमुख, सहायक र गौण गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । कृति वा रचनामा केन्द्रीय भूमिका निर्वाह गरी कृतिको उद्देश्यलाई पूर्णता दिने नायक वा नायिकालाई प्रमुख सहभागी भनिन्छ । कृतिमा प्रयुक्त प्रमुख सहभागीले कृतिमा प्रस्तुत विषयवस्तुको सुरुदेखि अन्त्यसम्म सक्रिय रूपमा भूमिका निर्वाह गरेका हुन्छन् । प्रमुख सहभागीको सहयोगी भई उद्देश्य पूरा गर्न सघाउने सहभागीलाई सहायक सहभागी भनिन्छ । सहायक सहभागीले कृतिको विषयवस्तुलाई अगाडि बढाउन सहयोगी बनेर कार्य गर्दछन् । मुख्य सहभागीको चारित्रिक विकासमा प्रतिष्ठा र महत्ता प्रदान गर्नमा सहायक सहभागीको भूमिका रहेको हुन्छ । यसअन्तर्गत सहनायक र सहनायिका पर्दछन् । कृति वा रचनामा कुनै उल्लेखनीय भूमिका निर्वाह नगर्ने सहभागीहरूलाई गौण सहभागी भनिन्छ । गौण सहभागीहरूले कृतिको विषयवस्तुगत कार्यव्यापारमा कम भूमिका निर्वाह गरेका हुन्छन् । यस्ता सहभागीहरूलाई कृति वा रचनाबाट हटाइदिए पनि कृतिको विषय प्रस्तुतिमा खासै असर नपर्ने मानिन्छ । गौण सहभागीहरू कृति वा रचनाको बिचमा आएर बिचमा हराउने खालका हुन्छन् ।

***प्रवृत्तिका आधारमा अन्तर्वैयक्तिक सन्दर्भ***

कृति वा रचनामा प्रयुक्त कतिपय सहभागीहरूले सकारात्मक त कतिपयले नकरात्मक भूमिका निर्वाह गरेका हुन्छन् । यस आधारमा कृतिका सहभागीहरूलाई अनुकूल र प्रतिकूल गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । कृति वा रचनाभित्र असल गुण र चरित्र भएका सहभागी सत्प्रवृत्तिका सहभागी हुन् । जसलाई अनुकूल सहभागी पनि भनिन्छ । कृतिमा खराब प्रवृत्ति भएका सहभागीहरू खल वा असत् सहभागी हुन् । जसलाई प्रतिकूल सहभागी भनिन्छ ।

***स्वभावका आधारमा अन्तर्वैयक्तिक सन्दर्भ***

कृति वा रचनामा प्रयुक्त सहभागीहरूमध्ये कतिपय सहभागीहरू बदलिँदो परिस्थतिअनुसार बदलिने स्वभावका हुन्छन् भने कतिपय सहभागीहरू बदलिँदो परिस्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् । यस आधारमा कृति वा रचनामा प्रयुक्त सहभागीहरूलाई गतिशील र गतिहीन गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । कृति वा रचनाको प्रारम्भदेखि अन्त्यसम्म एउटै स्थितिमा रही स्वभाव परिवर्तन नगर्ने सहभागीलाई स्थिर वा गतिहीन सहभागी भनिन्छ भने कृति वा रचनामा प्रारम्भदेखि नै गतिशील बनेर परिवर्तन हुने सहभागीलाई गतिशील वा अस्थिर सहभागी भनिन्छ ।

***जीवन चेतनाका आधारमा अन्तर्वैयक्तिक सन्दर्भ***

कृति वा रचनामा प्रयुक्त सहभागीहरूमध्ये कतिपय सहभागीहरू आफ्नो मात्र प्रतिनिधित्व गर्ने खालका हुन्छन् भने कतिपय सहभागीहरू अरूका जीवनको पनि प्रतिनिधित्व गर्ने खालका हुन्छन् । यस आधारमा सहभागीहरूलाई दुई प्रकारमा वर्गीकरण गरिएको पाइन्छ : वर्गगत र व्यक्तिगत । कृति वा रचनामा प्रयुक्त भई आफ्नो मात्र प्रतिनिधित्व गर्ने सहभागीहरूलाई व्यक्तिगत सहभागी भनिन्छ भने सामाजिक वर्गको प्रतिनिधित्व गर्ने सहभागीहरूलाई वर्गगत सहभागी भनिन्छ ।

***आसन्नताका आधारमा अन्तर्वैयक्तिक सन्दर्भ***

कृति वा रचनामा प्रयुक्त सहभागीको उपस्थितिलाई आसन्नता भनिन्छ । आसन्नताका आधारमा सहभागीहरूलाई मञ्चीय र नेपथ्य गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । कृति वा रचनामा प्रस्तुत घटना वा कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने सहभागीहरूलाई मञ्चीय सहभागी भनिन्छ । अर्को शब्दमा कृति वा रचनामा उपस्थित भई कार्यव्यापार गर्ने वा संवाद प्रस्तुत गर्ने सहभागी मञ्चीय सहभागी हुन् । प्रत्यक्ष रूपमा सहभागी नभई अन्य सहभागीहरूका माध्यमबाट सूक्ष्म रूपमा प्रस्तुत हुने सहभागीहरू नेपथ्य सहभागी हुन् । नेपथ्य सहभागी अन्य सहभागीले नामोच्चारण गरेका सहभागी हुन् । मञ्चीय सहभागी वर्तमान विन्दुमा र नेपथ्य सहभागी पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

***आवद्धताका आधारमा अन्तर्वैयक्तिक सन्दर्भ***

कृति वा रचनामा प्रयुक्त सहभागीको सम्बन्धलाई आबद्धता भनिन्छ । यस आधारमा सहभागीहरूलाई बद्ध र मुक्त गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । बद्ध सहभागीले कृति वा रचनाको संरचनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । जसलाई झिक्दा कृति वा रचना अपूर्ण बन्न पुग्छ । मुक्त सहभागीले कृति वा रचनामा बद्ध

सहभागीसरह भूमिका निर्वाह गरेका हुँदैनन् । बद्ध सहभागीलाई कृति वा रचनाबाट हटाउँदा पनि कृति वा रचनाको संरचनामा खासै असर पर्दैन । अर्थात् कृति वा रचनाको संरचना खलबलिन्न ।

**भाषिक सन्दर्भ (माध्यम)**

कृति वा रचनामा लेखकद्वारा प्रस्तुत भाषिक प्रयोगलाई भाषिक सन्दर्भ (माध्यम) भनिन्छ । यसलाई अर्को शब्दमा भाषिक पद्धति पनि भनिन्छ । वस्तुतः यो पाठ वा रचनाको प्रस्तुतिसँग सम्बन्धित हुन्छ । अर्थात् यो पाठात्मक कार्य वा अर्थका आधारमा अभिव्यक्त हुन्छ । यसले पाठ वा रचनालाई कथ्य वा लेख्य स्वरूपमा सङगठित र एकीकृत तुल्याउँछ । हालिडे (सन् १९८६) का अनुसार "पाठात्मक अर्थ पूर्वप्रस्तुत पाठ र परिस्थितिगत सन्दर्भ दुबैसँग सम्बन्धित हुन्छ" (पृ. ५३) । उनका अनुसार उपवाक्य वा वाक्यांशको पाठात्मक कार्य सन्देशको निर्माण वा रचना गर्नु हुन्छ । पाठ वा रचनामा यसले उद्भावनात्मक र अन्तर्वैयक्तिक प्रकार्यसँग सम्बन्ध कायम गरी कार्य सम्पादन गर्दछ । यसअन्तर्गत मूलतः संसक्तता, अक्षकीकरण र सूचना संरचना पर्छन् । जसमध्ये संसक्तताले पाठमा प्रयुक्त भाषिक एकाइका बिचको व्याकरणिक, आर्थी, सन्दर्भगत, तार्किकलगायतका सम्बन्धलाई, अक्षकीकरण (उपवाक्यलाई सन्देशका रूपमा सङ्गठित गर्ने आधार नै अक्षक-वर्तक संरचना) ले पाठगत वाक्यमा उद्देश्य र विधेय खण्डका बिचको सम्बन्धलाई र सूचना संरचनाले प्रदत्त (पुरानो) र नव (नयाँ) सूचनाको व्यवस्थापनलाई जनाउँदछ ।

पाठ वा रचनामा व्यवहृत माध्यम वा पद्धतिसम्बद्ध यी तीन कुराले पाठलाई सुसङ्गत र सुसम्बद्ध तुल्याउने कार्य गर्दछन् । माध्यम वा पद्धति पाठ वा रचनामा भाषाले खेल्ने भूमिकानिबद्ध देखा पर्दछ । यसमा भाषिक प्रकार (कथ्य, लेख्य वा दुबैको संयोजनयुक्त), सङ्गठन, विशिष्टार्थ (लक्ष्यार्थ वा व्यङ्ग्यार्थ) आदिको निर्धारण र पाठात्मक अर्थको समीक्षण गर्ने काम हुन्छ । हालिडे र हसन (सन् १९९१) का अनुसार पाठात्मक कार्य वा अर्थअन्तर्गत सङ्कथन वा पाठको भाषिक स्वरूप, सहभागीको भाषा प्रयोग र अपेक्षा, भाषाको सन्दर्भपरक कार्य, आलङ्कारिक प्रस्तुति, पाठबाट प्राप्त हुने प्रभावी, हृदयग्राही, व्याख्यात्मक, उपदेशात्मकलगायतका कुराहरू पर्दछन् । यसमा पाठात्मक घटकले वक्ता वा श्रोताको पूर्वज्ञान, सन्दर्भ आदिमार्फत कृतिमा विशिष्ट अर्थको सिर्जना गर्ने तथा विभिन्न स्थानमा अक्षकीकरणद्वारा बलाघातपूर्वक आर्थी विशिष्टता उत्पन्न गर्ने मानिन्छ । यसबाट कृतिमा अर्थको अभिव्यक्तिका लागि भाषा केकसरी सङ्गठित हुन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ । आर्थी वर्गीकरणका दृष्टिले यसलाई आन्तरिक वा व्यञ्जनात्मक वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

**भाषिक सन्दर्भ (माध्यम) को वर्गीकरण**

कृति वा रचनामा रचनाकारद्वारा प्रस्तुत भाषिक सन्दर्भलाई त्यसको स्वरूपका आधारमा विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ । भाषिक सन्दर्भलाई कृति वा रचना निर्माण गर्ने रूपविन्यासका उपकरण वा सानासाना लघु घटकहरूका रूपमा लिइन्छ । (अधिकारी र गौतम, २०७५) । कृति वा रचनामा प्रयोग गरिने भाषिक सन्दर्भलाई कृतिको भाषाशैलीका रूपमा पनि व्याख्या गर्ने गरिन्छ । भाषिक सन्दर्भ वा माध्यमलाई परम्परागत-आधुनिक, औपचारिक-अनौपचारिक, विवृत्त-संवृत्त लगायतका प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

***परम्परागत भाषिक सन्दर्भ***

कृति वा रचनालाई आदि, मध्य र अन्त्यको शृङ्खलामा प्रस्तुत गर्ने माध्यमलाई परम्परागत भाषिक सन्दर्भ भनिन्छ । यसलाई परम्परागत भाषाशैलीका रूपमा पनि व्याख्या गर्न सकिन्छ । अधिकारी र गौतम (२०६९) का अनुसार ''यसमा कृति वा रचनाकारले कृति वा रचनालाई आरम्भ वा आदिदेखि मध्य हुँदै अन्त्यसम्म जाँदा घटनाहरूको शृङ्खलालाई आधार बनाएर अगाडि बढएका हुन्छन्'' (पृ. ४) । परम्परागत भाषिक सन्दर्भमा कृति वा रचनानकलाई पाठकले बुझ्ने गरी सरल ढङ्गबाट प्रस्तुत गरिएको हुन्छ । त्यसैले यसमा कृति वा रचनावस्तुको सघनता रहेको हुन्छ । यस्तो शैली प्रयोग गरिएको कृति वा रचना अभिधा अर्थगत तहमा रहेको हुन्छ । यसमा कृति वा रचनाकारले कृति वा रचनालाई कृति वा रचनानकअनुरूप भावमा लैजाने र क्रमिक रूपले अघि बढाउने कार्य गर्छन् । परम्परागत शैलीमा आधारित कृति वा रचनामा कृति वा रचनाको विषयअनुरूप क्रमिक रूपले कृति वा रचनानक अघि बढ्दै जानुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ । यस शैलीमा लेखिएका कृति वा रचनाहरूले वर्तमानबाट भविष्यतिरको यात्रा तय गरेका हुन्छन् । यसमा कृति वा रचनानक पछाडि फर्किंदैन, सोझो र सिधा

रूपमा अगाडि बढेको हुन्छ । गुरुप्रसाद मैनाली, गोविन्दबहादुर मल्ल 'गोठाले' आदिका कृति वा रचनाहरूमा यस किसिमको शैली पाउन सकिन्छ ।

***आधुनिक भाषिक सन्दर्भ***

आधुनिक भाषिक सन्दर्भ परम्परागत भाषिक सन्दर्भभन्दा भिन्न हुन्छ । भट्टराई (२०६९) का अनुसार "यसमा कृति वा रचनाकारले आफ्ना बीचार वा अनुभूतिलाई घुमाएर प्रस्तुत गर्ने गर्छन्" (पृ. १९) । त्यसैले यस किसिमको भाषिक सन्दर्भ सरल हुँदैन । यस किसिमको भाषिक सन्दर्भमा रचना गरिएका कृति वा रचनालाई कृति वा रचनाकारले गोलाकार रेखामा अगाडि बढाएका हुन्छन् । आधुनिक भाषिक सन्दर्भयुक्त कृति वा रचनामा विषयवस्तु आदि, मध्य र अन्त्यको क्रमबद्ध श्रृङ्खलामा रहेको हुँदैन । यसमा कृति वा रचनाकारले सामग्रीलाई विशिष्ट तुल्याउन बीचार र भावनालाई घुमाएका हुन्छन् । यसमा आधारित कृति वा रचनाहरू भूमरीझैँ घुमेका वा बाङ्गोटिङ्गो हुँदै अघि बढेका हुन्छन् । प्रस्तुतिका क्रममा क्रमबद्धताको अभाव देखिनु, शृङ्खलित नहुनु, पूर्वदीप्ति शैलीको प्रयोग हुनुजस्ता विशेषता यसमा पाइन्छन् । यस किसिमको भाषिक प्रयोगले कृति वा रचनामा रोचकता र कौतुहलताको सम्मिश्रण गरी नवीन संरचना र दृष्टि प्रदान गर्ने मानिन्छ ।

***औपचारिक भाषिक सन्दर्भ***

कृति वा रचनामा मानक वा स्तरीय व्याकरणको पालना गरी भाषा प्रयोग गरिनुलाई औपचारिक भाषिक सन्दर्भका रूपमा लिइन्छ । यस किसिमको भाषिक सन्दर्भले कृति वा रचनालाई रोचक बनाउनुका साथै पाठकहरूको ध्यान पनि आकर्षण गरेको हुन्छ । कृति वा रचनामा क्षेत्रीय भेद देखा नपर्नु, व्यक्तिगत अभिव्यक्ति वा व्यक्तिबोलीलाई कम महत्व दिनु, सम्बोधन सम्मानजनक हुनु, व्याकरणको कडाइपूर्वक पालना गरिनुजस्ता विशेषता यस किसिमको भाषिक सन्दर्भमा देखा पर्छन् । यसमा आधारित कृति वा रचनाहरू मूलतः लेख्य भाषामा आधारित रहेका हुन्छन् । औपचारिक भाषिक सन्दर्भ मूलतः शिक्षित व्यक्तिको भाषिक प्रयोगसँग सम्बन्धित रहेको हुन्छ । यसमा आधारित भई तयार पारिएका कृति वा रचनामा विविध जातजाति, धर्म, रीतिरिवाज, चालचलन, संस्कृति वेषभुषा फरक भए पनि सहभागीहरूले प्रयोग गर्ने भाषा स्तरीय हुन्छ । औपचारिक भाषिक सन्दर्भमा आधारित भई लेखिएका कृति वा रचनामा पूर्ण शब्दहरूको प्रयोग गरिएको हुन्छ । यसबाट पाठकलाई विशिष्ट प्रभाव पर्नुका साथै कृति वा रचनात्मक सौन्दर्य वृद्धिमा पनि सहयोग पुग्ने मानिन्छ ।

***अनौपचारिक भाषिक सन्दर्भ***

समाजमा प्रचलित सरल, स्थानीय र दैनिक जीवनमा आधारित भाषा प्रयोग गर्नुलाई औपचारिक भाषिक सन्दर्भका रूपमा लिइन्छ । यसमा सरल शब्दहरूको प्रयोग गरिएको हुन्छ । प्रत्येक समाजमा बस्ने मानिसको भाषा प्रयोगगत सन्दर्भ फरकफरक हुन्छ । त्यसैअनुसार बोलिने भाषामा क्षेत्रीय एवम् स्थानीय भेद देखा पर्छन् । जसको पालना अनौपचारिक भाषिक सन्दर्भमा गरिएको हुन्छ । कृति वा रचनामा क्षेत्रीय भेद देखा पर्नु, व्यक्तिगत अभिव्यक्ति वा बोलीलाई बढी महत्ता दिनु, भाषा प्रयोगमा व्याकरणिक त्रुटि देखिनु लगायतका विशेषता अनौपचारिक भाषिक सन्दर्भमा देखा पर्दछन् । यसमा आधारित भई रचना गरिएका कृति वा रचनामा विभिन्न जातजाति, धर्म, रीतिरिवाज, चालचलन, संस्कृति, भेषभुषाअनुसारका भाषाको प्रयोग गरिएको हुन्छ । यसमा भाषाको प्रयोग सङ्क्षिप्त रूपमा गरिएको हुन्छ । स्तरीय भाषाको प्रयोग निकै न्यून मात्रामा गरिएको हुन्छ ।

***संवृत्त वा बन्द भाषिक सन्दर्भ***

कृति वा रचनाकारको आफ्नो भाषिक शैलीभन्दा भिन्न शैली वा विषयवस्तुमा आधारित शैलीमा कृति वा रचना प्रस्तुत गर्ने तरिकालाई संवृत्त वा भाषिक सन्दर्भ भनिन्छ । यसलाई बन्द भाषिक सन्दर्भ पनि भन्ने गरिन्छ । भट्टराई (२०८०) का अनुसार कृति वा रचनाकारहरूले कृति वा रचनामा आफ्नो शैली प्रदर्शन नगरी कृति वा रचना प्रस्तुत गर्दछन् भने त्यस्तो शैलीलाई बन्द भाषिक शैली भनिन्छ । यस किसिमको भाषिक सन्दर्भमा कृति वा रचनाकारले आफ्नो शैली कृति वा रचनानकको भित्री तहमा प्रस्तुत गरेका हुन्छन् । कतिपय कृति वा रचनाकारहरूले कृति वा रचनामा विषयवस्तुगतभन्दा शैलीगत चमत्कार देखाउने प्रयास गरेका हुन्छन् । तर यस किसिको भाषिक प्रयोगमा त्यस्तो चमत्कार देखाइएको हुँदैन । यसमा कृति वा रचना लेख्दा विषयवस्तुलाई बढी ध्यान दिइएको हुन्छ । यो भाषिक सन्दर्भ आधुनिक भाषिक सन्दर्भभन्दा भिन्न रहेको हुन्छ । इन्द्रबहादुर राईका कृति वा रचनामा यस किसिमको भाषिक प्रयोग पाउन सकिन्छ । उनले मूर्त चिजलाई अमूर्त र अमूर्त चिजलाई मूर्त

बनाएर कृति वा रचना प्रस्तुत गरेका हुन्छन् । संवृत्त भाषिक प्रयोगमा आधारित भई रचना गरिएका कृति वा रचनामा विषयवस्तु नवीन र बौद्धिक रहेको हुन्छ । यस्ता कृति वा रचनामा बिम्ब, प्रतीकको प्रयोग गरिएको हुन्छ । यसमा आधारित कृति वा रचनाहरूमा कविताको रचना प्रक्रियालाई कृति वा रचनामा प्रयोग गरेर नयाँ तथा परम्परामुक्त तरिकाले प्रस्तुत गरिएको हुन्छ । कृति वा रचनानकको ढाँचा वृत्ताकारीय हुनु र कृति वा रचनात्मक दृष्टिकेन्द्र परम्परामुक्त हुनुलाई यस किसिमको भाषा प्रयोगको विशेषता मान्न सकिन्छ ।

***विवृत्त वा खुला भाषिक सन्दर्भ***

कलात्मक भाषा प्रयोगमा कृति वा रचना प्रस्तुत गर्ने तरिकालाई विवृत्त भाषिक सन्दर्भ भनिन्छ । यसलाई खुला भाषिक सन्दर्भ पनि भन्ने गरिन्छ । यस किसिमको भाषा प्रयोगमा आधारित कृति वा रचनाका वाक्य वा शब्दावलीहरूमा कर्ता-कर्म-क्रियाको क्रमिक उपस्थिति नभई विश्रृङ्खलित उपस्थिति हुन्छ । यद्यपि यसमा कृति वा रचनाकारले आफ्ना भावहरूलाई अर्थमय बनाएर प्रस्तुत गरेका हुन्छन् । भट्टराई (२०८०) का अनुसार खुला शैलीका कृति वा रचनाहरू कलात्मक किसिमका हुन्छन् । रूपनारायण सिंहका कृति वा रचनामा यस किसिमको भाषा प्रयोग पाउन सकिन्छ । जहाँ पोखराजजीका पिता पुष्पजी पिल्लिउँदो र पिलन्धरे जस्ता पदको आवृत्तिद्वारा भाषिक शैली प्रस्तुत गरिएको देखिन्छ । यस किसिमको भाषा प्रयोगमा आधारित भई रचना गरिएका कृति वा रचनामा प्रस्तुत वाक्यहरू कवितात्मक प्रकृतिका रहेका हुन्छन् । यति मात्र नभई कुनै कुराको उदाहरण दिन उपमा दिँदा पनि चित्रात्मक तौरतरिकाको अवलम्बन गरिएको हुन्छ । विवृत्त वा खुला भाषिक सन्दर्भलाई विभिन्न चिह्नहरूको माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । इन्द्रबहादुर राईका कृति वा रचनाहरूमा पूर्णविरामको सट्टा प्रश्नवाचक चिह्न (?) प्रयोग गरिएको पाइन्छ । साथै पूर्णविरामको सट्टा तिर्यक चिह्न (/) को पनि प्रयोग गरिएको पाइन्छ । यस किसिमको भाषा प्रयोगबाट भाषाशैली र विषयवस्तुलाई भने सन्तुलनमा राखिएको हुन्छ । उपर्उल्लिखित उद्भावनात्मक सन्दर्भ, अन्तर्वैयक्तिक सन्दर्भ र भाषिक सन्दर्भको सुसंयोजनबाट पाठ वा रचनामा सन्दर्भपरकताको उपयुक्त विन्यास व्यवहृत हुने मानिन्छ । यसलाई आधार बनाएर कुनै कृति वा रचनाको अध्ययन, विश्लेषण गर्न सकिन्छ ।

## निष्कर्ष

कृति विश्लेषणको सन्दर्भपरक आधारमा आधारित यस अध्ययनबाट कृति विश्लेषणका लागि सन्दर्भपरकता एउटा महत्तम आधारका रूपमा रहेको निचोड निकालिएको छ । कृति विश्लेषणको यस अवधारणाका मुख्य व्याख्याताका रूपमा पाश्चात्य भाषावैज्ञानिक द्वय हालिडे र हसन देखा परेका छन् । उनीहरूले कृति वा पाठलाई मुख्यतः तीन आधारमा विश्लेषण गर्न सकिने दर्साएका छन् । जसअन्तर्गत उद्भावनात्मक सन्दर्भ वा क्षेत्र, अन्तर्वैयक्तिक सन्दर्भ वा सहभागी र भाषिक सन्दर्भ वा माध्यम पर्छन् । यी तीन प्रमुख भेदअन्तर्गत विभिन्न उपभेदहरू पनि रहेका छन् । हालिडे र हसनद्वारा प्रस्तुत यस अवधारणामा नेपाली विद्वान्हरूका दृष्टिकोणहरूलाई समेत समेटी यस अवधारणालाई विस्तीर्ण तुल्याउन सकिने देखिन्छ । खासगरी उद्भावनात्मक सन्दर्भ, अन्तर्वैयक्तिक सन्दर्भ र भाषिक सन्दर्भअन्तर्गत विभिन्न प्ररूप प्रस्तुत गर्न तथा तिनका विशेषता निक्यौल गर्न नेपाली विद्वान्हरूका धारणा उपयोगी देखिएका छन् । प्रस्तुत अध्ययनले नेपाली भाषा, साहित्यको क्षेत्रमा क्रियाशील तथा यस क्षेत्रमा आधारित भई अध्ययन अनुसन्धान गर्न चाहने जोकोहीका लागि पनि कृति विश्लेषणको सन्दर्भपरक आधारबारे जानकारी लिन तथा यसमा आधारित भई अध्ययन, अनुसन्धान गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## सन्दर्भ सूची

अधिकारी, तेजविलास (२०६९), *सहिदको शालिक कथा सङ्ग्रहको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

अधिकारी, गणेशराज र गौतम, बासुदेव (२०७५), *नेपाली कथा र उपन्यास,* भुँडीपुराण प्रकाशन ।

कटिङ, जे (२००८), *प्राग्मेटिक्स एण्ड डिस्कोर्स,* राउटलेज ।

कुमार, रञ्जित (सन् २००९), *रिसर्च मेथोडोलोजी अ स्टेप बाइ स्टेप गाइड फर बिगिनर्स,* पियर्सन एजुकेसन ।

गौतम, लक्ष्मण प्रसाद (२०६९), *नेपाली कथाको इतिहास,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

जोशी, हरिप्रसाद (२०६८), *श्वेत भैरवी कथाको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि. वि. ।

ज्ञवाली, विष्णु (२०६९), *रक्तिमका गीतहरूको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

थापा, डि.बी. (२०५६), *तीन घुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि. वि. ।

ब्युग्रान्डी, डी. आर र ड्रेसलर, डब्लु. यु. (सन् १९८१), *इन्ट्रोडक्सन टु टेक्स्ट लिङ्ग्विस्टिक्स,* लङ्म्यान ।

भट्टराई, श्यामप्रसाद (२०८०), *नेपाली आख्यान र नाटक,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

भण्डारी, रामकृष्ण (२०७०), *कुञ्जिनी खण्डकाव्यको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७९), *शैलीविज्ञान,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

स्टब्ज, एम. (१९८३), *डिस्कोर्स एनलाइसिस द सोसिओ लिङ्ग्विस्टिक एनलाइसिस अफ नेचरल ल्याङ्ग्विज,* ब्ल्याकवेल ।

हालिडे, एम. ए. के. (१९८६), *एन इन्ट्रोडक्सन टु फङ्सनल ग्रामर,* एडवार्ड आर्नोल्ड ।

हालिडे, एम. ए. के. र हसन, आर. (१९७६), *कोहिजन इन इङ्गलिस,* लङ्गम्यान ।

हालिडे, एम. ए. के. र हसन, आर. (१९९१), *ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।